# नेपाल राष्ट्र बैंक

**प्रेस समाचार**

## नेपाल राष्ट्र बैंकको ६१ औं वार्षिकोत्सव सम्पन्न

नेपाल राष्ट्र बैंक वैशाख १४ गते ६० वर्ष पूरा गरी ६१ औं वर्षमा प्रवेश गऱ्यो । सो अवसरमा बैंकमा एक विशेष कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रमलाई गभर्नर डा. चिरंजीबि नेपालले समुद्घाटन गर्नुभयो । उक्त अवसरमा उहाँले दिनुभएको वक्तव्य नेपाल राष्ट्र बैंकको वेभसाइट www.nrb.org.np मा राखिएको छ ।




सो कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले स्वागत मन्तव्य राख्नुभयो भने डेपुटी गभर्नर शिवराज श्रेष्ठले धन्यवाद मन्तव्य राख्नुभयो ।

नेपाल राष्ट्र बैंक, सञ्चालक समितिका सदस्यहरू, पूर्व गभर्नरहरु, पूर्व डेपुटी गभर्नरहरु, पूर्व कर्मचारीहरु तथा बैंकमा कार्यरत सबै तहका कर्मचारीहरु लगायत बैंककर्मीहरुका साथै आर्थिक र वित्तीय क्षेत्रसँग सम्बद्ध निकायका पदाधिकारीहरुको उल्लेख्य उपस्थिति रहेको सो कार्यक्रममा प्रथम गभर्नर हिमालय शम्सेर ज.व.रा.लाई कदरपत्रका साथ विशेष सम्मान गरिएको थियो । ६१ औं वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजयीहरुलाई पुरस्कार वितरण पनि गरिएको थियो । कार्यक्रमको संचालन गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डितले गर्नु भएको थियो ।

**२०७३ वैशाख १४, मंगलबार** | **गभर्नरको कार्यालय**